मितिः २०८३/०६/२०

## पशु वधशाला र मासु जाँच (दोस्रो संशोधन) नियमावली, २०५७ लाई संशोधन गर्न बनेको नियमावलीको मस्यौदा उपर राय, सुझाव तथा पृष्ठपोषण सम्बन्धी सूचना

पशु वधशाला र मासु जाँच (दोस्रो संशोधन) नियमावली, २०५७ लाई संशोधन गर्न बनेको नियमावलीको मस्यौदा उपर विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनार्थ सर्वसाधारण र सरोकारवालाहरूको राय/सुझावका लागि यो प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र तपसिलमा उल्लेखित इमेल तथा मन्त्रालयको ठेगानामा राय सुझाव उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**ईमेलः** ahd@moald.gov.np

कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं।



Scanned with CamScanner

## पशु वधशाला र मासु जाँच (दोस्रो संशोधन) नियमावली, २०५७ लाई संशोधन गर्न बनेको नियमावलीको मस्यौदाको संक्षिप्त विवरण

पशु वधशाला र मासु जाँच (दोस्रो संशोधन) नियमावली, २०५७ लाई संशोधन गर्न बनेको नियमावलीको मस्यौदामा मासु विक्रेताको इजाजत लिने प्रक्रिया तथा मासु सुपरीवेक्षकले पशु वध गर्ने स्थल तोक्ने प्रक्रियालाई सरलीकृत गर्ने, मासु बिक्री गर्न पसल र पशु वध गर्ने स्थलको मापदण्डमा केही विषयलाई समसामयिक संशोधन गर्ने लगायतका विषयहरू समेटिएका छन्। पशु वधशालामा काम गर्ने अन्य प्राविधिक लगायतका जनशक्तिको कामलाई समेत समेट्ने उद्देश्यले संक्षिप्त संशोधनको मस्यौदा तयार गरिएको हो।

कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं।



Scanned with CamScanner

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# पशु वधशाला र मासु जाँच (दोस्रो संशोधन) नियमावली, २०५७ संशोधन मस्यौदा

पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "पशु वधशाला र मासु जाँच (दोस्रो संशोधन) नियमावली, २०५७" रहेकोछ।

२. नियम ५ मा संशोधन,-

"(१) नियम ५ को उपनियम (१), (२) र (३) मा रहेका "सम्वन्धित वडा कार्यालय" भन्ने शब्दहरुको सट्टा "पशुपन्छी हेर्ने शाखा वा महाशाखा" भन्ने शब्दहरु राख्ने।

"(२) नियम ५ को उपनियम (२) मा रहेको "कार्यालयमा पत्राचार गरी कार्यालयले तोकेको" भन्ने शब्दहरु झिक्ने।"

३. नियम ६ मा संशोधन,-

"(१) नियम ६ को उपनियम (१) मा रहेको "गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको परामर्शमा" भन्ने शब्दहरुको सट्टा "पशुपन्छी हेर्ने शाखा वा महाशाखाको सिफारिसमा" भन्ने शब्दहरु राख्ने।

(२) नियम ६ को उपनियम (१) को खण्ड (च) पछि देहायका खण्ड (छ), (ज), (झ), (ञ) र (ट) थप गर्ने,-

"(छ) मासु पसलबाट अलग्गै रहेको,

(ज) वध गर्नु भन्दा अगाडि पशुलाई कम्तीमा १२ घण्टासम्म विश्राम गराउन सक्ने छाना सहितको टहरा भएको,

(झ) वध गर्नु अगाडि पशुलाई सफा गर्ने, स्वस्थ्य परीक्षण गर्ने र रोगको शंका लागेका पशुलाई छुट्टै राख्ने व्यवस्था भएको,

(ञ) छाला काढ्ने वा भुत्ल्याउने, मासु सफा गरी काट्ने र परीक्षण गरी बिक्री-वितरण गर्ने ठाउँको व्यवस्था भएको।"

४. नियम ८ को खण्ड (झ) को (५) पछी देहयका (६), (७), र (८) थप गर्ने,-

"(६) स्वच्छ र सफा पानीको पर्याप्त व्यवस्था भएको,

(७) बिक्री कक्षमा कोल्डचेनको लागि चिलर वा फ्रिजको व्यवस्था भएको,



Scanned with CamScanner

(८) मासु पसलमा उपभोक्तालाई तौलने व्यवस्था भएको।"

५. नियम ८ पछि देहायको नियम ८क थप गर्ने,-

"८क. पशु वध गर्ने र मासु काट्ने व्यक्तिले पालन गर्नुपर्ने शर्तहरूः पशु वधशाला र पशु वधस्थलमा काम गर्ने व्यक्तिले देहायका कुराहरू अनिवार्य पालन गर्नुपर्नेछः

(क) रोगको शङ्का भएको वा दाग, धब्बा देखिएको मासु, मासुसँग भएको झिल्ली जस्तो पदार्थ (सिरस मेम्ब्रेन) र पशुको कुनै पनि भाग वा अङ्ग मासु निरीक्षकको आदेश बिना कुनै पनि तरिकाले नहटाउने वा नमेटाउने,

(ख) कुनै पशुको आपत्कालीन वध गर्नु पर्ने स्थिति भएमा कारणसहित मासु निरीक्षक समक्ष सूचना दिने,

(ग) वधशाला एवं वधस्थलमा प्रयोग भएका कपडा, औजार, काट्ने हतियार रोगी पशुको मासुमा प्रयोग भएको भए निर्मलीकरण गरी मात्र पुनः प्रयोग गर्ने,

(घ) वध गरिएको पशुको मासु मासु निरीक्षकले निरीक्षण गरिसकेपछि प्राप्त निर्देशन अनुसार कार्य गर्ने।"

६. नियम ११ को उपनियम (१) को खण्ड (ड) पछी देहायका खण्ड (ढ) र (ण) थप गर्ने,-

"(ढ) पशु वधशाला वा पशु वध गर्ने स्थल मापदण्ड बमोजिम भए नभएको एकिन गरी सञ्चालकलाई मापदण्ड बमोजिम काम गर्न निर्देशन दिने।

(ण) पशुलाई वधका लागि योग्य भए नभएको निर्णय गर्ने, मासु जाँच गरी मानव उपभोगका लागि योग्य भए नभएको निर्णय गर्ने, मासुको सम्पूर्ण भाग वा कुनै अंगलाई अस्वस्थ भनी नस्ट गर्ने, मासु योग्य, अयोग्य र शंकास्पद भनी छाप लगाउने निर्णय गर्ने मासु निरीक्षकको कर्तव्य हुनेछ।

(त) खण्ड (ण) मा लेखिएका वाहेकका काममा मासु निरीक्षकले प्राविधिक जनशक्तिको सहयोग लिन सक्ने।"

७. नियम १५ को उपनियम (३) पछि देहायको उपनियम (४) थप गर्ने,-

"(४) उपनियम (१) बमोजिम मासु निरीक्षकले छाप वा चिन्ह लगाईसकेपछि मासुको सुरक्षित ढुवानी, भण्डारण र गुणस्तरलाई कायम राख्ने दायित्व सम्वन्धित वधशाला वा वधस्थल सञ्चालक, ढुवानीकर्ता र मासु बिक्रेताको हुनेछ।"

८. नियम १७ को सट्टा देहायको नियम १७ थप गर्ने,-

१७. पशु वधशाला र मासुको अभिलेख राख्ने: विभागले पशु वधशाला र मासु जाँच सम्वन्धी व्यवस्थाको अभिलेखिकरण गर्न एकीकृत डिजिटल प्रणाली सञ्चालन गर्न सक्नेछ।



Scanned with CamScanner